## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १९ गते मंगलबार ❑ 3 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


# कास्कीमा निर्वाचनको तयारी पूरा

## १ सय ५३ वटा मतदान स्थलमा ५१ प्रकारका निर्वाचन सामाग्री पुग्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन



कास्कीका १ सय ५३ वटा मतदान स्थलमा ५१ प्रकारका निर्वाचन सामाग्री पुऱ्याइदैछ । गण्डकी प्रदेश निर्वाचन कार्यालयबाट सोमबार कास्कीका मतदान स्थलमा खटिएका कर्मचारीहरुलाई उक्त निर्वाचन सामाग्री बुझाइएको प्रदेश निर्वाचन कार्यालयका निर्वाचन अधिकारी नारायण ढकालले बताउनुभयो ।

निर्वाचन सामाग्रि बुझ्ने मतदान अधिकृत तथा सहायक अधिकृत र कर्मचारीको सोमबार बिहानै देखि प्रदेश निर्वाचन कार्यालयमा भिडभाड भएको थियो । उक्त सामाग्रि सहित नेपाल प्रहरीले उहाँहलाई सुरक्षा दिएको छ । सोमबार मतदान स्थलमा पुगेर टोलीले ४ वटा सूचनाहरु टाँस गर्नुपर्ने उहाँले बताउनु भयो । मौन अवधिको सूचना, मतदान केन्द्रको ४ किल्ला तोकेको, मदिरा निषेध र हात हतियार निषेधको सूचना आज नै टास गर्नुपर्ने निर्वाचन अधिकृत ढकालले जनाउनु भयो । आयोगले दिएको छापबाट मतदान गर्दा लत्तपत्तिन सक्ने हुदा आफुहरुले रवर म्याटको स्वस्तिक छाप बनाएको ढकालले जनाउनु भयो । आफुहरुले निर्वाचन सम्पन्न भएसंगै मतगणनाको तयारी समेत गरेको जनाउनु भयो । दुरीका हिसावले टाडा रहेका मतदान स्थलमा आइतबारदेखि नै निर्वाचनका सामाग्रि सहित कर्मचारीहरु खटिएको उहाँले जनाउनु भयो । आज राति १२:०० बजे पछि मौन अवधि सुरु हुने भएकोले कसैले यहो अवधिमा निर्वाचनको प्रचार प्रसार गर्न पाइनेछैन् । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा निष्पक्ष, भयमुक्त र शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउन प्रशासन र निर्वाचन कार्यालयले सबै तयारी पूरा गरेको निर्वाचन अधिकारी ढकालले जनाउनु भयो ।

कास्की जिल्लामा १ सय ५३ मतदानस्थल र ३ सय ६३ मतदान केन्द्र निर्धारण भइसकेका छन् । मतदानस्थलको भौतिक अवस्था, यातायात पहुँच, ढुवानी व्यवस्था, कर्मचारी परिचालनदेखि सुरक्षा संयन्त्रसम्मको व्यवस्थापन भईसकेको मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले जानकारी दिनुभयो । निर्वाचनलाई विश्वसनीय र व्यवस्थित बनाउन सबै पक्षसँग समन्वय गरिएको उहाँले जनाउनु भयो ।

कास्कीमा कुल २ हजार १ सय ८३ कर्मचारी निर्वाचनमा खटिने छन् । सुरक्षाका दृष्टिले पनि कास्कीमा विशेष तयारी गरिएको छ । जनपद प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना सहित ४ हजार १ सय ५४ सुरक्षाकर्मी परिचालन गरिने सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो । आवश्यक परे प्रदेश प्रहरी र पश्चिम पृतना हेडक्वार्टरबाट थप जनशक्ति माग गर्न सकिने व्यवस्था पनि गरिएको छ । सुरक्षा व्यवस्थाअन्तर्गत ९ सय ९३ जना नेपाल प्रहरी, १ हजार ९ सय २३ निर्वाचन प्रहरी, ५ सय ३५ सशस्त्र प्रहरी, २ सय ५३ निर्वाचन सशस्त्र प्रहरी र ४ सय ५० नेपाली सेना खटिनेछन् । साथै मोबाइल सुरक्षा टोली पनि तयारी अवस्थामा रहने प्रशासनले जनाएको छ ।

कास्कीमा मतदाता संख्यामा पनि वृद्धि भएको छ । २०७९ सालको निर्वाचनमा २ लाख ९१ हजार ५ सय ६८ मतदाता रहेको कास्कीमा हाल संख्या बढेर ३ लाख ८ हजार ५ सय ७२ पुगेको छ । कास्कीमा महिला तर्फ १ लाख ६० हजार १ सय ५३ र पुरुष तर्फ १ लाख ४८ हजार ४ सय १५ जना र ४ जना अन्य रहेको गण्डकी प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्रनाथ न्यौपानेले बताउनु भयो । अघिल्लो निर्वाचनयता १७ हजार ४ मतदाता थपिएको उहाँले जनाउनु भयो । क्षेत्रगत रूपमा कास्की-१ मा १ लाख १६ हजार ८ सय ७८, कास्की-२ मा ८४ हजार १ सय ३४ र कास्की-३ मा १ लाख ७ हजार ५ सय ६० मतदाता रहेका छन् । तीनवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट स्वतन्त्रसहित ४९ जना उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ । तीमध्ये ४३ जना विभिन्न राजनीतिक दलका र ६ जना स्वतन्त्र उम्मेदवार रहनु भएको छ । कास्की-१ र कास्की-२ मा १७/१७ जना तथा कास्की-३ मा १५ जना उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ । मौसमविदका अनुसार फागुन २१ गते प्रतिकुल मौसम नहुने अनुमान गरिएको छ ।

# राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसार निषेध

**रासस**
काठमाडौं, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार सोमबार राति १२ बजेदेखि राजनीतिक दलले गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएकाले सोमबार राति १२ बजेपछि निर्वाचनका प्रचारप्रसार गरी मत माग्न नपाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ । यही फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए । यो क्रम आज राति १२ बजेसम्म जारी हुन्छ । त्यसपछि मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति शान्ति वा निषेध अवधि अनिवार्य हुने र यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

दलले प्रचारप्रसार गर्ने अन्तिम दिन आज हिमाली र पहाडी जिल्लामा फागु पूर्णिमा पर्व परेकाले पर्वसँगै निर्वाचन प्रचारप्रसार भइरहेको छ । निर्वाचनमा भाग लिएका दल र उम्मेदवार आज प्रचारप्रसारमा छन् । राति १२ बजेदेखि सुरु हुने प्रचारप्रसार निषेध अवधिमा कुनै प्रचारप्रसार गरी मत माग्न पाइँदैन । यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ । मतदान हुने दिनको ४८ घण्टाअघि अर्थात् आज राति १२ बजे मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ । यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन निषेध गरिएको छ । मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्न नहुने पनि निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ । आचारसंहिताको इमान्दारीपूर्वक पालना र कार्यान्वयनले सजग मतदाता तयार पार्न र निर्वाचनको निष्ठा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रवक्ता जिसीले बताउनुभयो । संविधानले प्रदान गरेको अधिकारअनुसार निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण, समन्वय तथा सम्पूर्ण व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ ।

# निर्वाचनका कारण भएनन् होलीका औपचारिक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दृष्टिगत गर्दै प्रशासनबाट गरिएको आग्रहसँगै आज पोखरामा औपचारिक रूपमा नभई घरघरभित्रै होली मनाइएको छ ।

विगतका वर्षमा पोखराको पर्यटकीयस्थल लेकसाइडलगायत मुख्य सहरी क्षेत्रका साथै विभिन्न सङ्घसंस्थाको आयोजनामा सामूहिक रूपमा होली मनाउने गरिएको थियो । यसअघि जिल्ला प्रशासन कार्यालय कास्कीले फागुन १५ गते औपचारिक सूचना


बाँकी अन्तिम पृष्ठमा ▶▶


# सबै मतदातालाई प्रतिनिधिसभा सदस्य निर्वाचनमा सरिक हुन प्रधानमन्त्रीको आह्वान

**रासस**
काठमाडौं, १८ फागुन



प्रधानमन्त्री सुशीला कार्कीले देशलाई राजनीतिक स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउनका लागि सबै मतदातालाई प्रतिनिधिसभा निर्वाचनमा सरिक आह्वान गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर निर्णय लिन आह्वान गर्नुभएको हो । प्रधानमन्त्रीले भन्नुभएको छ, "भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो ।"

यही फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दै भन्नुभएको छ, "निर्वाचनको सँघारमा म सबैलाई शान्ति र अमनचयन कायम राख्न अनुरोध गर्दछु, शान्ति नै नेपालको असली पहिचान हो ।"

प्रधानमन्त्री कार्कीले एउटा विशेष घडीमा आफूले मनका केही कुरा राख्न चाहेको उल्लेख गर्दै देश फेरि इतिहासको महत्त्वपूर्ण मोडमा आइपुगेको र यही फागुन २१ गतेका दिन आफ्नो र आफ्नो देशको भविष्यको फैसला गर्ने बताउनुभएको छ । "इतिहासकै यो कठिन मोडमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेर देशलाई नेतृत्व दिनुलाई मैले आफ्नो मातृभूमिप्रतिको जिम्मेवारीका रूपमा लिएकी छु," प्रधानमन्त्री कार्कीले भन्नुभयो, "मैले सधैँ न्याय र निष्ठाको पक्षमा उभिएर काम गर्ने प्रयास गरेँ। अब केही दिनमा यो देशको बागडोर तपाईंहरूले चुन्ने प्रतिनिधिहरूको हातमा पुग्नेछ, आउनुहोस्, होलीको खुसी साटौँ, फागुन २१ गतेको निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र ऐतिहासिक बनाऔँ ।"

प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनपछिको त्यो परिस्थिति जटिल, संवेदनशील र चुनौतीपूर्ण थियो । सडकमा युवाको आक्रोश, डर भएको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभएको छ, "त्यो कठिन सङ्क्रमणलाई व्यवस्थापन गर्दै, हिंसात्मक मोडबाट शान्तिपूर्ण निकासतर्फ देशलाई डोऱ्याउनु र संविधानको बाटोमा फर्काउनु हाम्रो पहिलो कर्तव्य थियो ।"


प्रधानमन्त्री कार्कीले चुनावी मैदानमा रहनुभएका सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई उम्मेदवारीका लागि धन्यवाद दिँदै भन्नुभएको छ, "तपाईंहरूको सक्रियताले नै हाम्रो लोकतन्त्र जीवित रहने हो, चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबीच मनमुटाव र वैमनस्य हुनु हुँदैन ।" मौन अवधिमा पूर्ण अनुशासन पालना गर्न र त्यसअघिको बाँकी समयमा संयमित ढङ्गले, एक-अर्कालाई सम्मान गर्दै उहाँले निर्वाचन प्रचार-प्रसार गर्न म सबै राजनीतिक दल, उम्मेदवार तथा समर्थकहरूलाई आग्रह गर्नुभएको छ । "यस महान् कार्यमा खटिनुभएका निर्वाचन आयोग, सुरक्षा निकायका साथीहरू र सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई म विशेष धन्यवाद दिन चाहन्छु," प्रधानमन्त्री कार्कीले आफ्नो सम्बोधनमा भन्नुभएको छ, "तपाईंहरूको निष्पक्षता र मेहनतले नै यो निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउनेछ ।"

प्रधानमन्त्री कार्कीले सांस्कृतिक पर्व होली अर्थात् फागु पूर्णिका अवसरमा रङहरूको यो उत्सव र निर्वाचनको यो तयारी दुवै हाम्रा लागि उत्तिकै अर्थपूर्ण रहेको बताउनुभएको छ । "आज मलाई सन्तोष लागेको छ कि हामी त्यो कठिन सङ्क्रमण पार गरेर यहाँसम्म आइपुगेका छौँ । विधिको शासन स्थापित गर्दै, संविधानको मार्गमा स्थिरताका साथ अघि बढ्न सफल भएका छौँ," प्रधानमन्त्रीले कार्कीले भन्नुभएको छ, "यो उपलब्धि तपाईं-हामी सबै नेपाली जनताको संयम र सहकार्यको परिणाम हो ।"

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगले छोटो र कठिन समयमा कार्यतालिकाबमोजिम सबै तयारी पूरा गरेको उल्लेख गर्दै निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित रूपमा


बाँकी अन्तिम पृष्ठमा ▶▶





# होलीले समाजका विकृति, विसङ्गति एवम् कुरीतिको अन्त्य गर्छ: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले होली(फागुपूर्णिमा) पर्वले हाम्रो समाजका विकृति, विसङ्गति एवम् कुरीतिको अन्त्य गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

फागुपूर्णिमाका अवसरमा सोमबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले गर्दै यस पर्वले हामी सबैमा प्रेम, सद्भाव, आपसी एकता र लोकतान्त्रिक मूल्य-मान्यताप्रति सम्मानको सन्देश प्रवाह गर्ने कामना गर्नुभयो।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजयको खुसियालीमा हरेक वर्ष फाल्गुण शुक्ल पूर्णिमाका दिन पहाडी तथा हिमाली जिल्लामा र त्यसको भोलिपल्ट तराईका जिल्लामा रङ्गहरूको उत्सवका रूपमा फागुपूर्णिमा (होली) हर्षोल्लासपूर्वक मनाइने सन्देशमा भनिएको छ। प्रेमभाव र आत्मियताका साथ आफन्तजन एवं साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ दलेर रमाइलो गर्ने हाम्रो परम्पराले सामाजिक एकता र सद्भावलाई अझ मजबुत बनाउँदै आएको मुख्यमन्त्रीले भन्नुभएको छ। "होलीमा प्रयोग हुने थरिथरिका रङ्ग जस्तै हाम्रो नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिक रूपमा विविधतापूर्ण छ। यही विविधताबीचको एकताले नै हाम्रो राष्ट्रिय पहिचानलाई बलियो बनाएको छ", उहाँले भन्नुभयो, "यस पर्वले हामीबीचको भाइचारा, सहिष्णुता, एकता र सद्भावलाई अभिवृद्धि गर्दै बन्धुत्वको भावनालाई थप सुदृढ बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।" गण्डकी प्रदेश र हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सुन्दर रहेको उल्लेख गर्दै मुख्यमन्त्रीले सबै जाति, भाषा, पेसा, धर्म, समुदाय र संस्कृतिको पहिचान, अपनत्व र अधिकारलाई स्थापित गर्दै गण्डकी प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को सङ्कल्पलाई साकार पार्न सबैको साझा प्रतिबद्धता, एकता र सहभागिता आवश्यक रहेको बताउनुभयो। यस वर्षको होलीको सङ्घारमा प्रतिनिधिसभा निर्वाचन हुँदै गरेको र निर्वाचन लोकतान्त्रिक अभ्यासलाई थप परिपक्व बनाउने महत्वपूर्ण अवसर भएको भन्दै सन्देशमा निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र नभइ लोकतन्त्रप्रतिको हाम्रो प्रतिबद्धताको पुनः पुष्टि गर्ने पर्व पनि रहेको उल्लेख गरिएको छ।

सम्पूर्ण मतदाताहरूलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा आफ्नो मताधिकार प्रयोग गर्न हार्दिक अपिल गर्दै उहाँले हाम्रो एक मतले स्थिरता, विकास र समृद्धिको मार्ग तय गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।



होलीमा रमाउँदै पर्यटकः होली पर्वका अवसरमा पोखराको लेकसाइडमा सोमबार रङ लगाएर मनोरञ्जन लिएका विदेशी पर्यटक। तस्बिरः पोखरापत्र

# निर्वाचन उपलब्धिको रक्षा र नयाँ सम्भावनाको युगीन आवश्यकता

**रासस**
काठमाडौं, १८ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनले विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढङ्गले परिभाषित गर्दै नयाँ उचाइमा पुर्याउने विश्वास व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा सोमबार राष्ट्रका नाममा सम्बोधन गर्नुहुँदै उहाँले निर्वाचन पछिल्ला उपलब्धिको रक्षा र प्रवर्द्धन गर्दै नयाँ सम्भावनातर्फ अघि बढ्ने युगीन आवश्यकता भएको उल्लेख गर्नुभयो। राष्ट्रपति पौडेलले भन्नुभयो, "निर्वाचन हाम्रो राजनीतिक इतिहासको एक जटिल परिस्थितिको निकासका रूपमा हुन गइरहेको छ। यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रिया मात्र नभई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर हो। त्यसैले यो निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व हो।" उहाँले निर्वाचनले लोकतान्त्रिक अभ्यासलाई अझ विश्वस्त र परिपक्व बनाउने विश्वास व्यक्त गर्नुभयो। "देशले विगतका केही वर्षमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। लामो सङ्घर्ष र त्यागपछि हामीले लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौं। सबैलाई थाहा छ, आज नयाँ संविधानमार्फत समावेशी राज्य संरचना सुनिश्चित भएको छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "यस निर्वाचनले निरङ्कुशताविरुद्ध लामो सङ्घर्ष र बलिदान गरेको अघिल्ला पुस्ता र त्यसमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको सपना, नवयुवाहरूको सुशासनको माग, पारदर्शिता र जवाफदेहिताप्रतिको अपेक्षा पूरा गर्नेछ।" संघीय शासन प्रणालीलाई संस्थागत गर्दै प्रदेश र स्थानीय तहसम्म अधिकार प्रत्यायोजन गरिएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्दै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, महिला तथा विपन्न समुदायको अधिकारलाई मजबुत बनाउने प्रयास सुरु भएका बताउनुभयो। "पछिल्लो दशकमा शिक्षा, स्वास्थ्य, सडक, ऊर्जा र सञ्चार पूर्वाधारमा उल्लेख्य प्रगतिका साथ देश अगाडि बढिरहेको छ। यी उपलब्धि सहजै प्राप्त भएका होइनन्, यी जनताको बलिदान र अटुट विश्वासका साथै उनीहरूको सक्रिय सहभागिताको परिणाम हुन्", सम्बोधनमा उहाँले भन्नुभयो। सुशासन, सामाजिक न्याय, उत्तरदायी शासन र सेवा प्रवाहका क्षेत्रमा अझ धेरै काम गनुपर्ने आश्यकता औंल्याउँदै राष्ट्रपति पौडेलले आगामी निर्वाचनले त्यही भावधारालाई संस्थागत गर्दै लोकतन्त्रलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित निकायलाई निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पूर्ण प्रतिबद्ध रहन आग्रह गर्नुभएको छ। राष्ट्रपति पौडेलले मतभिन्नता स्वाभाविक भए पनि सहिष्णुता, मर्यादा र विधिको शासनप्रति सम्मान हाम्रो साझा मूल्य हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "आउनुहोस्, हामी सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने सङ्कल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौं।"

# इरानको आक्रमणबाट गोरखा बोर्लाङका दिवस श्रेष्ठको दुबईमा मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, १८ फागुन

संयुक्त अरब इमिरेट्समा इरानको आक्रमणबाट गोरखाको भीमसेन थापा गाउँपालिका वडा नं ७ बोर्लाङ ठाँटीका दिवस श्रेष्ठको मृत्यु भएको छ। अबुधाबीस्थित नेपाली राजदूतावासले दिएको जानकारीअनुसार २९ वर्षीय दिवस श्रेष्ठको आइतबार मृत्यु भएको हो। उहाँ मिडल इस्ट कम्पनीमा सेक्युरिटी गार्डका रूपमा कार्यरत रहेको बताइएको छ।

अबुधाविस्थित जायद अन्तरराष्ट्रिय विमानस्थलामा ड्रोन निष्क्रिय पार्ने क्रममा उहाँको निधन भएको खुलाइएको छ।

राजदूतावासले मृतक श्रेष्ठको पार्थिव शरीर स्वदेश फर्काउन सहजीकरण गर्ने बताएको छ।


## प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता।
- बहुलवादको सम्मान।
- विधिको शासन।
- शक्ति पृथकीकरण।
- आवधिक निर्वाचन।
- मौलिक हक।
- मानव अधिकार।
- प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बागलुङमा दुई हजार ३६८ अस्थायी मतदाता र दुई अस्थायी मतदान केन्द्र

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ फागुन

बागलुङमा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुई हजार ३६८ अस्थायी मतदाता रहेका छन्।

निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी, कैदीबन्दीसहित उक्त सङ्ख्यामा अस्थायी मतदाता रहेका हुन्। जिल्ला निर्वाचन कार्यालय प्रमुख यज्ञप्रसाद रिजालका अनुसार जिल्लामा दुई वटा अस्थायी मतदान केन्द्र तोकिएको छ। कैदीबन्दी मतदाताका लागि जिल्ला कारागार र सुरक्षाकर्मी तथा ड्युटीमा रहेका कर्मचारीका लागि जिल्ला समन्वय समितिको कार्यालयमा मतादन केन्द्र तोकिएको प्रमुख रिजालको भनाइ छ। रिजालका अनुसार ५३ जना कैदीबन्दी र दुई हजार ३१५ जना सुरक्षाकर्मी र कर्मचारी रहेका छन्। दुई वटा निर्वाचन क्षेत्र रहेको बागलुङमा २३ उम्मेदवार छन्। कूल एक लाख ९३ हजार ३८१ मतदाता रहेको बागलुङमा ९८ हजार ५७४ महिला, ९८ हजार ५०६ पुरुष र एक जना अन्य मतदाता रहेका छन्। जिल्लामा कायम रहेको १०७ मतदानस्थल र २३० मतदान केन्द्रमा कूल दुई हजार ६० कर्मचारी खटाइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# निर्वाचनका ...

जारी गर्दै निर्वाचनलाई लक्षित गरी यस वर्ष होली पर्वलाई सार्वजनिक खुला रूपमा औपचारिक कार्यक्रम नगरी आआफ्नै घर परिसर भित्रै मनाउन आग्रह गरेको थियो।

प्रशासनको सूचनालाई पालना गरिएका कारण जिल्लामा आज होलीका कुनै पनि औपचारिक कार्यक्रम भएका छैनन्। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न कास्की प्रशासनले आजदेखि अर्को निर्णय नभएसम्मका लागि बेलुका राति ९:०० बजेसम्म मात्रै रात्रिकालीन व्यवसाय सञ्चालन गर्न पाउने गरी सूचना जारी गरेको छ। सोमबार राति १२:०० बजेदेखि निर्वाचनको मौन अवधि सुरु हुने भएकाले दल तथा उम्मेदवारहरूले आज आफ्नो प्रचारप्रसारलाई तीव्र बनाएका छन्। तीनवटा निर्वाचन क्षेत्र भएको जिल्लामा ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

# ट्रायम्प मोटर साइकलको नयाँ मोडेल पोखरा बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

पोखरा तथा पश्चिमाञ्चल क्षेत्रको लागि बजाज तथा ट्रायम्प मोटर साइकलको आधिकारिक बिक्रेता इच्छाशक्ति अटोमोबाइल्स प्रा. लि. नयाँ बजार ९ पोखरा ले ट्रायम्पको बहुप्रतिक्षित नयाँ मोडेल Triumph Scrambler 400 XC बजारमा सार्वजनिक गरेको छ।



शहरका पक्की सडकदेखि पहाडी कच्ची बाटोसम्म सहज रुपमा चलाउन सकिने डिजाइन गरिएको Scrambler 400 XC ले क्लासिक पहिचान र आधुनिक प्रविधिलाई उत्कृष्ट रुपमा संयोजन गरेको र लामो ट्राभल सस्पेन्सन, मजबुत ग्राउन्ड क्लियरेन्स, स्विचेवल ट्र्याक्सन कन्ट्रोलका कारण जस्तोसुकै भौगोलिक वनावटका लागि उपयुक्त रहेको बताइएको छ। ४०० सि सि सिंगल सिलिन्डर इन्जिनद्धारा संचालित Scrambler 400 XC ले सशक्त लो एण्ड टर्क, स्मूथ पावर डेलिभरि र दैनिक प्रयोगका लागि उत्कृष्ट राइडिङ्ग अनुभव प्रदान गर्दछ। राइड बाइ वायर थ्रोटल, एविएस जस्ता आधुनिक सुरक्षात्मक फिचर र ट्रायम्पको प्रिपियम निर्माण गुणस्तरले चालकलाई आत्मविश्वास र आराम दुवै प्रदान गर्ने पनि अटोमोवाइल्सले जनाएको छ। Scrambler 400 XC इच्छाशक्ति अटोमोबाइल्स प्रा लि नयाँ बजार-९ पोखरा स्थित शो रुममा उपलब्ध छ।

इच्छुक ग्राहकहरुले शो रुम भ्रमण गरि मोटरसाइकलको प्रत्यक्ष अनुभव लिन तथा टेस्ट राइड गर्न सकिने इच्छाशक्ति अटोमोबाइल्स प्रा लि नयाँ बजार-९ पोखराले बताएको छ।

# सबै मतदातालाई ...

सम्पन्न गर्न नेपाल सरकार र आयोग पूर्ण प्रतिबद्ध रहेको बताउनुभएको छ।

"प्रदेश र स्थानीय सरकारले आफ्नो सीमाभित्र रही निर्वाचन तयारीमा महत्वपूर्ण सहयोग पुऱ्याएका छन्, नेपाल सरकारका चारवटै सुरक्षा संयन्त्रले निर्वाचन सुरक्षामा कुनै कमी हुन नदिन आफ्ना सबै स्रोत-साधन परिचालन गरेका छन्," प्रधानमन्त्री कार्कीले आफ्नो सम्बोधनमा भन्नुभएको छ, "राष्ट्रपतिले गर्नुभएको अभिभावकीय सहयोगप्रति व्यक्तिगत रूपमा म र वर्तमान सरकार हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।" छोटो समयमा नेपालले निर्वाचन व्यवस्थापन गर्न सकेकामा मित्रराष्ट्रहरू तथा अन्तरराष्ट्रिय संस्थाहरूबाट पनि उत्साहजनक साथ र प्रतिक्रिया प्राप्त गरेको र निर्वाचन व्यवस्थापनमा वस्तुगत, नगद तथा प्राविधिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूलाई सबैलाई प्रधानमन्त्री कार्कीले धन्यवाद दिन दिनुभएको छ। साथै, उहाँले संयुक्त राष्ट्र सङ्घीय निकायहरूबाट प्राप्त सहयोगका लागि पनि आभारी व्यक्त गर्नुभएको छ। "सामाजिक सञ्जाल र आमसञ्चारका केही माध्यमबाट तथ्यहीन र कृत्रिम सामग्री तथा भ्रामक भविष्यवाणी फैलाएर वातावरण धमिल्याउन खोज्ने तत्वहरूलाई सरकारले निगरानीमा राखी कानुनको दायरामा ल्याइरहेको पनि तपाईंहरूलाई जानकारी गराउँदछु," प्रधानमन्त्री कार्कीले आफ्नो अपिलमा भन्नुभएको छ, "साथै त्यस्ता भ्रममा नपर्न, त्यस्ता तत्त्वको पछि नलाग्न र मुलुकसामु आएको ऐतिहासिक दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्न म सबै देशवासीलाई विनम्र आग्रह गर्दछु।" प्रधानमन्त्री कार्कीले मुलुकमा कुनै पनि प्रकारको दण्डहीनतालाई प्रश्रय दिने काम सरकारबाट नहुने उल्लेख गर्दै कानुनबमोजिम गर्नुपर्ने जुनसुकै तहको कारबाहीमा सरकार पछि नहट्ने बताउनुभएको छ। "यो रङहरूको पर्वले एकता, सद्भाव र उत्साहको सन्देश दिन्छ। हाम्रो समाजमा रहेको विविधतालाई मजबुत बनाउँछ, निर्वाचनको रङ र होलीको रङ मिलेर देशमा नयाँ उत्साह छाओस्," उहाँले भन्नुभएको छ, "तर, म आग्रह गर्छु- होली मनाउँदा संयम अपनाऔं, कसैको इच्छाविपरीत रङ नलगाइदिऊँ।" प्रधानमन्त्री कार्कीले मध्यपूर्वी क्षेत्रमा युद्धको सङ्कट गहिरिएको उल्लेख गर्दै इरान र वरपरको तनावले चिन्तित बनाएको उल्लेख गर्दै विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको र त्यहाँ रहनुभएका नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरूको सुरक्षा हाम्रो ठूलो चासोको विषय बताउनुभयो। उहाँले भन्नुभएको छ, "त्यस क्षेत्रमा रहेका सबै नेपाली नियोगलाई सुरक्षासहजीकरणमा कुनै कमी हुन नदिन सक्रिय बनाइएको छ, परराष्ट्र मन्त्रालयले सघन अनुगमन गरिरहेको छ, हामी हरदम तपाईंहरूको साथमा छौं, नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा यो सरकार कटिबद्ध छ।"


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# मेलमिलापको पर्व होली

बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको पर्वको रुपमा फागु पुर्णिमालाई लिने गरिन्छ । फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने फागु पर्व पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइन्छ । तराइमा भने त्यसको भोलीपल्ट मनाइने गरिन्छ । फागु पर्वमा विभिन्न रंग दलेर मनाउने गरिन्छ । रिस, राग ईर्ष्या गर्न छाडेर आपसी एकता, सद्भाव र मित्रता कायम गर्न प्रण गर्ने दिन पनि हो फागु (होली) । फागु पूर्णिमा धार्मिक कथासँग जोडिएको पर्व हो । त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रम्हाबाट आगोले हुन नसक्ने बरदान पाएकी आफ्नी बहिनी होल्लिकालाई प्रल्हदका साथ दन्किरहेको आगोमा पस्न लगाउदा होलिका आफैं भष्म भएकी तर भक्त प्रल्हादलाई आगोले छुन नसकेको कथा फागुसँग जोडिएको छ ।

शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिको प्रतिक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको मानिन्छ । द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न मामा कंशद्वारा पठाइएको राक्षस्नी पुतनाले विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन । पुतनालाई गोपालवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख छ । अनेक मिथकमा आधारित फागु वा होली हाम्रो मौलिक पर्व हो । फागु वा होलीलाई रंगको पर्वको रुपमा समेत मनाउने गरिन्छ । नेपालका हिमाल, पहाड र तराइमा मनाउने गरिन्छ । मुस्ताङमा थकालीहरुले तोरन्त भनेर मनाउँछन् । फागुमा प्रयोग हुने रंगमा रातो रंगलाई विजयको प्रतिक मानिने गरिन्छ । होलीका दहनलाई सत्यको विजय भएको ठानी विजयप्रकट गर्ने रातो रंग प्रयोग हुने गरेको छ । निलो रंग मानवता र धैर्यतालाई दर्शाउँछ । पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो ।

होलीले मानिस अनि रंगहरुवीचको सम्वन्ध र रंगले पार्ने उत्साह वा बारेमा व्याख्या गरेर रंगको पर्वको रुपमा लिने गरिएको छ । यो पर्व नेपालको सबै भूगोल, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्नेले पनि मनाउने गरेका छन् । सबै उमेर समुहले फागु मनाउने गर्दछन् । फागु पर्वमा पहाड र तराईमा छुट्टाछुट्टै दिन सार्वजनिक विदा दिने गरिएको छ । सबै समुदायका नेपालीवीच एक आपसमा भाइचारा र घनिष्टता अभिवृद्धि गर्न सघाउँदै आएको छ । जसरी होली एकता, सद्भाव, मित्रताका लागि खेलिन्छ त्यसरी नै देश र जनताको समृद्धि र खुशीका लागि राजनीतिक शक्ति, दल र दलभित्रको मेलमिलाप, एकता र सद्भावको खाँचो छ । आपसमा मिल्न छोडेर घृणा र आरोपको खेती गर्ने प्रवृत्ति हटाउनु पर्छ सामाजिक सञ्जालको माध्यमबाट फैलिएको घृणा दैष र निन्दाको प्रवृत्ति हटाएर मेलमिलाप र सदभाव कायम हुन सके होलीको महत्व यस्तो बेलामा बढ्दै जान्छ । चाडपर्वहरु मनाउँदा त्यसको ऐतिहासिक र सांस्कृतिक महत्ववारे जानकारी दिने काम कम हुँदै गएको छ । हरेक चाडपर्व अहिले व्यापार गर्ने माध्यम भएका छन् । खेतवारी, जंगल या प्रकृतिमा उम्रेका या भेटिने प्राकृतिक रंग प्रयोग गरेर खेलिने फागु आयातित रंगको प्रयोग हुने गरेको छ । मानव स्वास्थ्यमा असर पार्ने रंगको प्रयोग गर्ने, टिसर्ट बनाएर बेच्ने, मादक पदार्थ र पेय पदार्थ बेच्ने अवसरको रुपमा लिने गरिएको छ ।

रंग दल्ने भन्दा पिचकारी छ्याप्ने काम भएका छन् । हाम्रा संस्कृतिमाथि एकपछि अर्को अतिक्रमण भएको छ । पर्वहरु हाम्रो जीवनका पर्याय हुन् । पर्व मनाउँदा सु-स्वास्थ्य र दिर्घायुको कामना गर्ने गरिन्छ । पूजीवादले मानवको स्वास्थ्य, दिर्घायू र खुशी भन्दा व्यापारलाई जोड दिँदा पर्वमा विकृति भित्रीएका छन् । आयातित सामानले मौलिकता हराउँदै गएको छ । पर्व बुझेर मनाउने र मानव जीवनलाई असर पुर्‍याउने रंग र अन्य बस्तु भन्दा प्राकृतिकको प्रयोग गरेमा पर्वको सान्दर्भिकता वढेर जानेछ । बजारको लहलहैमा बस्तु र सामाग्रीको प्रयोग गरेमा स्वास्थ्यमा असर पुग्ने र मौलिकता हराउदै जान्छ । हामीले मनाउने चाडपर्वको महत्व बुझ्नु र बुझाउनुपर्छ । बुझेर मनाउन सकेमा चाडपर्वको महत्व बढेर जानेछ । फागु पर्वको सबैमा शुभकामना !



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : कार्यमा सफलता |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिधा सडकले जोडियो ढोरपाटन-तकसेरा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ फागुन

बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा गाउँ सिधा सडक सञ्जालमार्फत जोडिएको छ । बागलुङको निसीखोला गाउँपालिका-५ निसेलढोर हुँदै रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकास्थित तकसेरा गाउँ सिधा सडक सञ्जालले जोडिएको हो ।

दुबै जिल्लाबाट सडक निर्माण गर्दै आएको हुँदा निसेलढोर नजिकै रहेको मनिमर्फेस भन्ने स्थानमा जोडिएको ढोरपाटन नगरपालिका-९ का वडा अध्यक्ष खिमबहादुर घर्ती मगरले जानकारी दिनुभयो । लामो समयदेखि रोकिएको काम ढोरपाटन सिकार आरक्ष कार्यालयले अनुमति दिएपछि सडक जोडिएको उहाँको भनाइ छ । सडकले दुई जिल्ला जोडेपछि अब पश्चिम बागलुङ र पूर्वी रुकुमको यात्रा छोटिएको छ । यसभन्दा अगाडि नै बुर्तिबाङ बजारदेखि निसेलढोर जोडिएको थियो । एक दशकअगाडि निसेलढोर सडकले जोडिए पनि त्यसभन्दा माथि पुग्न सकेको थिएन । बुर्तिबाङ-ढोरपाटन ३१ किलोमिटर र ढोरपाटन-तकसेरा ३७ किलोमिटर रहेको वडाध्यक्ष घर्ती मगरले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अब बुर्तिबाङदेखि ६८ किलोमिटर दूरी पार गरेपछि तकसेरा पुग्न सकिने छ, यसभन्दा अगाडिसम्म तकसेराका स्थानीय मध्यपहाडी लोकमार्ग हुँदै रुकुमको काँक्रीबाट लामो दूरीको यात्रा गर्नुपर्ने अवस्था थियो, ढोरपाटन हुँदै सडक जोडिएपछि दूरी छोटियो ।" ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख धनबहादुर कायतले लामो समयको प्रयासपछि ढोरपाटन-तकसेरा सडक जोड्न सफल भएको बताउनुभयो । सिकार आरक्षले अनुमति नदिँदा धेरै वर्षदेखि सडक निर्माण रोकिएकामा बल्ल निर्माण पुरा भएको उहाँको भनाइ छ । निसेलढोर तिरबाट सडकको 'ट्र्याक' खोल्न चालु आर्थिक वर्षमा रु १२ लाख ५० हजार विनियोजन गरिएको थियो । सोही बजेटले सडक निर्माण सम्पन्न गरिएको हो । अब तकसेरावासीलाई बागलुङसहित पोखरा र काठमाडौंसम्म पुग्न छोटो हुने र स्थानीय उत्पादन बजारीकरण गर्न सहज हुने उहाँको भनाइ छ ।

# लिटिल स्टेपमा पुरस्कार वितरण समारोह सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन



लिटिल स्टेप माध्यमिक विद्यालय, पोखरा-८ सिमलचौरमा शैक्षिक सत्र २०८२ अन्तर्गत विद्यालय स्तरीय कक्षा ६ देखि १२ मा अध्ययनरत विद्यार्थीहरुबीच विद्यालय अन्तर कक्षा तथा संकायमा आयोजित अतिरिक्त तथा सह-पाठ्यक्रम गतिविधिका विविध विधाहरुमा विजेता विद्यार्थीहरुलाई पुरस्कार वितरण आइतबार सम्पन्न भयो ।

यस शैक्षिक सत्रमा संचालित भलिबल, बास्केटबल, टेबल-टेनिस, ब्याडमिन्टन, रस्साकस्सी जस्ता खेलहरुका साथै सह-पाठ्यक्रम गतिविधि अन्तर्गत अंग्रेजी र नेपाली दुबै माध्यमका निवन्ध लेखन, हिज्जे, वक्तृत्वकला आदि विधाहरुमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गर्ने संकाय तथा विद्यार्थीहरुलाई ट्रफी, मेडल तथा प्रमाण-पत्र प्रदान गरियो । उक्त कार्यक्रममा सस्थापक प्राचार्य पम्फा गुरुङले विद्यार्थीको सर्वाङ्गीण विकासमा खेलकुदको अपरिहार्यता रहने बताउनुभयो साथै सस्थापक अध्यक्ष शेर बहादुर गुरुङले विजयी विद्यार्थीहरुलाई बधाइ तथा शुभकामना ज्ञापन गर्नुभयो ।

# दुबईमा दिवसको मृत्यु भएपछि शोकमा डुब्यो बोर्लाङ ठाँटी

**प्रतीक्षा आले**
गोरखा, १८ फागुन/रासस

घरको आर्थिक अवस्था सुधार्न चार वर्षअघि संयुक्त अरब इमिरेट्सको दुबई पुग्नुभएको थियो दिवस श्रेष्ठ । भीमसेन थापा गाउँपालिका-७ बोर्लाङ ठाँटीका २९ वर्षीय दिवस चामबहादुर र पवित्राको एकमात्र छोरा हुन् । दिवस गत वर्षको दशैंमा घर आउनुभएको थियो ।

गाउँकै सरस्वती माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण गर्नुभएका श्रेष्ठले काठमाडौंबाट 'ओभरसियर'को अध्ययन पूरा गर्नुभएको थियो । देशमै रोजगारी नपाएपछि विदेशिनुभएका उहाँले आगामी दशैंमा भने घर फर्केर विवाह गर्ने योजना सुनाउनुभएको थियो । श्रेष्ठ दम्पतीको पनि बुहारी भित्र्याउने सपना थियो । तर त्यो सपना सदाका लागि अधुरो मात्रै भएन छोरानै गुमाएपछि अहिले निशब्द छन् उनीहरु ।

अघिल्लो दिन अर्थात् शनिबार साँझसम्म 'भिडियो कल' मा कुराकानी गरेको छोरा भोलिपल्टै सदाका लागि अस्ताउँलान् भन्ने बुबाआमालाई थाहा हुने कुरै भएन । तर आइतबार संयुक्त अरब इमिरेट्समा इरानको ड्रोन आक्रमणमा परी श्रेष्ठको निधन भयो । मृतक दिवसका काका प्रदीप श्रेष्ठका अनुसार दिवस मिडल इस्ट कम्पनीमार्फत सेक्युरिटी गार्डका रुपमा दुबई पुग्नुभएको थियो । "अस्तिको दिन बेलुकीमात्र घरपरिवारसँग भिडियोमा कुराकानी भएको रहेछ । त्यहाँको अवस्था सामान्य भए पनि आकाशमा मिसाइल पड्किरहेको छ भनेर बुबालाई भनेको थियो रे", काका प्रदीपले भन्नुभयो, "त्यसपछि फोन सम्पर्क नभएको रहेछ । उसका साथीभाइसँग बुझ्दा भागदौड भएर मोबाइल हराएको र खुट्टामा चोट लागेको भन्ने खबर पाएका रहेछन् ।" युएईस्थित नेपाली दूतावासबाट आज मात्रै छोराको मृत्यु भएको खबर औपचारिक रुपमा उनीहरुले प्राप्त गरे । दिवसको मृत्युको खबरले अहिले ठाँटी गाउँ शोकमा डुबेको छ । प्रदीप भन्नुहुन्छ, "गाउँको युवा, सबैसँग मिल्ने, अत्यन्त इमान्दार, मिजासिलो थियो । उसको आमाबुबाको कोखै रित्तियो ।" हाल गाउँमा बुबा चामबहादुर र दिवसका हजुरआमा हुनुहुन्छ । आमा पवित्रा भने छोरी भेट्न काठमाडौं जानुभएको बोर्लाङका वडाध्यक्ष नारायण श्रेष्ठले बताउनुभयो । "घरमा बेहाल छ । आमा र दिदी पनि यतै आउने कि बाबुको शव लिएर आउने भन्ने सल्लाह हुँदैछ । उताबाट शव कहिले आउँछ त्यसको पनि ठेगान छैन", उहाँले भन्नुभयो । अबुधाबीस्थित नेपाली राजदूतावासले सोमबार एक सूचना जारी गर्दै अबुधाबीस्थित जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा गोरखाका २९ वर्षीय दिवस श्रेष्ठको मृत्यु भएको पुष्टि गरिसकेको छ । उहाँको मृत्युबारे युएईको परराष्ट्र मन्त्रालयबाट आधिकारिक जानकारी प्राप्त भएको राजदूतावासले जनाएको छ ।

# मङ्गलबार ग्रस्तोदितखण्डग्रास चन्द्रग्रहण

**रासस**
काठमाडौं, १८ फागुन

फाल्गुन शुक्ल पूर्णिमाका दिन मङ्गलबार बेलुकी ग्रस्तोदितखण्डग्रास (उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार ग्रहणले मङ्गलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख गरिएको छ । चन्द्रग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो । बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ । बेलुकी ७ बजेर २ मिनेटमा चन्द्रग्रहण सकिन्छ । नेपालबाट करिब एक घण्टा चन्द्रग्रहण देखिनेछ ।

पृथ्वीले सूर्यलाई पूर्ण रूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्रग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्रग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो । यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्रग्रहण लागेको थियो । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औंसी तिथिमा लाग्ने गर्छ । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उहाँले बताउनुभयो ।

मङ्गलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ ।

### विशेष उपकरणविना नै हेर्न सकिन्छ चन्द्रग्रहण

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्रग्रहण र दुई सूर्यग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने भोलिको चन्द्रग्रहण खण्डग्रास चन्द्रग्रहणका रूपमा देखिनेछ । मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्रग्रहण प्रष्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीले जनाएको छ । चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन । मङ्गलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ०७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्रग्रहण मौसमले साथ दिएमा प्रष्ट रुपले हेर्न सकिनेछ । सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो । ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिनेछ । चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उहाँले बताउनुभयो । पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ । यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बीचमा पर्न जान्छ, तव पृथ्वीको छाँया चन्द्रमामा पर्दछ । चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाँले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्रग्रहण भनिन्छ । सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औंसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्रग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब ५ डिग्रीको कोण बनाएको हुन्छ । यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई बिन्दुमा काटेको हुन्छ । यी दुई बिन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उहाँले बताउनुभयो ।

# हिउँ पन्छाइएपछि साङ्ता मतदान केन्द्र जाने सडक सञ्चालनमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ फागुन

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-५ स्थित साङ्ता मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक हिउँ लगातार ६ दिनसम्म पन्छाइएपछि सञ्चालनमा आएको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र सडक डिभिजन कार्यालय बाग्लुङको डोजर प्रयोग गरी सडक सञ्चालनमा ल्याइएको हो ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि साङ्ता गाउँबाहिर रहेका मतदातालाई गाउँ फर्काउन र मतदानस्थलको सुरक्षामा खटिने कर्मचारी तथा सुरक्षा निकायलाई उक्त मतदान केन्द्रसम्म आउजाउ गर्न असहज भएकाले सडकको हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याइएको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिननामगेल गुरुङले जानकारी दिनुभयो ।

मुस्ताङ र डोल्पा जिल्लाको सिमानामा पर्ने साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक गत कात्तिक १० गते र त्यसयता तीनपटक परेको हिमपातले पूर्ण रूपमा अवरुद्ध भएको थियो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्र जाने करिब सात किलोमिटर सडकको बाक्लो हिउँ डोजरको सहायताले पन्छाइएपछि सडक सञ्चालनमा आएको हो । यही फागुन २१ गते हुने निर्वाचनका लागि गाउँपालिकाको लगानीमा सडक खुलाइएको अध्यक्ष गुरुङको भनाइ छ ।

साङ्ता मतदान केन्द्र जाने सडक कतिपय स्थानमा १३ फिटसम्म हिउँ जमेर अवरुद्ध भएको थियो । वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार हिउँ पन्छाइएपछि साङ्ता गाउँ तथा डोल्पा जाने छुकसम्वसम्मको सडक सञ्चालनमा आएको छ । हिउँ पन्छाएपछि माथिल्लो डोल्पाको छार्काताङसुङ गाउँपालिकाका मतदाता आ-आफ्नो गाउँ प्रस्थान गरेका छन् । सडकको हिउँ पन्छाइएपछि माथिल्लो डोल्पाका नागरिकलाई खाद्यान्न ढुवानी गर्न समेत सहज भएको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । यसैगरी, मुस्ताङ–डोल्पा सडकको जोड्ने साङ्ता मतदान केन्द्र जाने सडकको हिउँ पन्छाइएपछि जोमसोमबाट नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले तीन महिनादेखि अवरुद्ध रहेको टेलिफोन टावर मर्मत गरिसकेको वडाध्यक्ष गुरुङले बताउनुभयो । यसअघि मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्रलाई सोही वडाको फल्याकमा सार्न त्यहाँको वडा कार्यालयले सम्बन्धित निकायलाई लिखित अनुरोध गरेको थियो । तर, जिल्ला स्तरमा मतदान केन्द्र सार्ने विषयमा सहमति नहुँदा उक्त मतदान केन्द्र नै कायम भएको थियो ।

साङ्तामा १३ घरधुरीका ३९ मतदाता छन् । विसं २०७९ को निर्वाचनमा साङ्ता गाउँमा ३४ मतदाता रहेका थिए । साङ्ता मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ हो । त्यहाँका नागरिक बर्सेनि हिउँदयामको जाडो छल्न गाउँ छोडेर मुस्ताङको जोमसोम आसपासका गाउँमा बस्ने गर्छन् । गर्मीयाम सुरु भएपछि मात्र उनीहरू चैत/वैशाखमा साबिकको स्थानमा फर्किन्छन् । माथिल्लो डोल्पाका नागरिकलाई पोखरा–काठमाडौं र जोमसोमबाट मालसामान ढुवानी गर्न सबैभन्दा छोटो दूरीको सडक यही नै हो ।

# 'मौन अवधि' के हो ? मौन अवधि उल्लङ्घन भए के कारबाही हुन्छ ?

**रासस**
काठमाडौं, १८ फागुन

आसन्न प्रतिधिसिभा सदस्य निर्वाचनअन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि आजमध्यरातदेखिसकिँदैछ।निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि आजराति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको छ।

मतदान हुनु ४८ घण्टाअघिबाट मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन । मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ । मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो । निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ । मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्वपूर्ण रहन्छ ।

निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो । आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ । मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ । यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ । विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ । यरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले 'योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउनुहुन्छ । उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ । मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ । सो अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन । त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन । आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजचार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ । निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ ।

निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् । निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।



मतदान सामग्री मतदान केन्द्रमा लैजादैँः प्रदेश निर्वाचन कार्यालय, पोखराबाट यही फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार मतदान सामग्री बुझेर मतदान केन्द्रतर्फ लिएर जाँदै मतदानमा खटिएका कर्मचारी । कास्कीमा एक सय ६५ मतदानस्थल र तीन सय ६३ मतदान केन्द्र तोकिएका छन् ।
तस्बिरः कृष्ण दवाडी/रासस

# घोषणापत्रभन्दा विकासका प्रगति हेर्न चाहन्छन् मतदाता

**ध्रुवसागर शर्मा**
म्याग्दी, १८ फागुन/रासस

प्रतिनिधिसभा निर्वाचन आउन अब चार दिन मात्र बाँकी रहँदा म्याग्दीका गाउँगाउँमा उम्मेदवार र दलका नेता कार्यकर्ताहरूको चहलपहल बाक्लिएको छ । भेला, घरदैलो, सामाजिक सञ्जाल प्रचार र घोषणापत्र सार्वजनिक गर्ने कार्यतालिका सकिएको छ । जनताले उम्मेदवार तथा राजनीतिक दलका नेताहरूको कुरा सुनिसकेपछि प्रश्न सोध्न थालेका छन्, "अघिल्ला वाचा पूरा भए कि भएनन् ?"

प्रतिनिधिसभाका लागि एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा प्रतिस्पर्धी राजनीतिक दल र उम्मेदवारहरूले विकास, रोजगारी र पूर्वाधारजस्ता पुराना मुद्दाहरूलाई मुख्य एजेन्डा बनाएका छन् । तर स्थानीय तहका तथ्याङ्क हेर्दा अघिल्लो निर्वाचनमा प्रतिबद्ध गरिएका केही योजनाहरू अझै कागजमै सीमित देखिन्छन् ।

स्वतन्त्र रूपमा उम्मेदवारी दिएर चुनावी मैदानमा होमिनुभएका महावीर पुनले शिक्षामा सुधार, आविष्कार तथा नवप्रवर्द्धन, रोजगारी र आयआर्जनलाई मुख्य मुद्दा बनाउनुभएको छ । "सरकारले दिएको बजेट र पूरा भएका विकास निर्माणका कामको जस लिन राजनीतिक दल र जनप्रतिनिधिहरू अघि सर्छन् तर अपूरा र अधुरा योजना, आयोजना र पहिल्ला वाचा गरेर पूरा गर्न नसकेका कामहरूमा भने अरुलाई दोष लगाउछन्, आफू पन्छिन्छन्", बेनी नगरपालिका-२ का मतदाता नारायण सापकोटाले भन्नुभयो । "हरेक चुनावमा कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडकको स्तरोन्नति, पर्यटन विकासका लागि पूर्वाधार निर्माण, हिमाली जिल्ला घोषणा भए पनि सेवासुविधा पाउन नसकेका कुरा, कृषि र उद्योगका मीठा सपना, बेरोजगारीको अन्त्य, युवा स्वरोजगार, शिक्षा र स्वास्थ्यमा पूर्वाधार र जनशक्ति थप्ने वाचा, ग्रामीण सडकको स्तरोन्नति, घरघरमा खानेपानी, खेतबारीमा सिँचाइलगायत मीठा आश्वासन सुनिन्छन् तर पूरा कहिल्यै हुँदैनन् । यसपटकको निर्वाचनमा पनि दल यिनै कुरालाई एजेन्डा बनाएर आएका छन्", मङ्गला गाउँपालिका-५ का युवा मतदाता प्रमेश सेनले भन्नुभयो, "हामी भाषण सुन्न र आगामी घोषणापत्र हेर्न होइन विगतमा भएका कामको प्रगति प्रतिवेदन पढ्न र सुन्न चाहन्छौँ ।"

विसं २०७९ को निर्वाचनअघि सार्वजनिक गरिएका घोषणापत्रमा सडक स्तरोन्नति, पर्यटन विकास, खानेपानी र सिँचाइ विस्तार र युवा रोजगारी सिर्जनाका कार्यक्रम प्रमुख थिए । तर जिल्ला समन्वय समितिको अभिलेखअनुसार केही योजनामा बजेट विनियोजन भए पनि कार्यान्वयन सुस्त देखिएको छ । "जिल्लामा पूर्वाधार निर्माणलाई मात्र विकासको मानक मानिएको छ तर, सामाजिक समस्या, जातीय विभेद, चेतना विस्तार, गाउँ वा जिल्लामा नै युवालाई अवसर र बसाइँसराइ गर्नुका कारण र यसको समाधानका विषयमा राजनीतिक दल र जनप्रतिनिधिबीच कुनै बहस नै हुने गरेको छैन", अन्नपूर्ण गाउँपालिका-१ दोवाका मतदाता टेबबहादुर गर्बुजाले भन्नुभयो, "हरेक चुनावमा एउटै पुल, सडक र अस्पतालको कुरा दोहोरिन्छ । चुनावपछि कसैले फर्केर सोध्दैन ।" म्याग्दीमा विकास बजेटअन्तर्गतको खर्च थोरैमात्रामा हुने गरेको छ । चालु आर्थिक वर्षलाई नै हेर्ने हो भने पनि सात महिना बितिसक्दा पनि विकास खर्च भने न्यून मात्रामा भएको छ । म्याग्दीका लागि सङ्घीय सरकारको बजेटतर्फ चालु खर्चमा कूल तीन अर्ब ४३ करोड ५९ लाख ७६ हजार ५१२ रुपैयाँ बजेट रहेकामा हालसम्म एक अर्ब ८८ करोड ३२ लाख ३७ हजार ७९१ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । कोलेनिका म्याग्दीका अनुसार जिल्लाका लागि विनियोजित पुँजीगत खर्चतर्फ कूल तीन करोड ६२ लाख ३७ हजारमध्ये हालसम्म ७२ लाख २५ हजार ५५५ रुपैयाँ खर्च भएको छ । पुँजीगत खर्चतर्फ हेर्दा सात महिना बितिसक्दा १९ प्रतिशत मात्रै खर्च भएको हो । चालु खर्चतर्फ भने ५४ दशमलव ८ प्रतिशत खर्च भएको कोलेनिकाका अधिकृत मिनबहादुर बानियाँले जानकारी दिनुभयो । समग्रमा हेर्दा जिल्लामा ५४ दशमलव ४४ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

प्रदेश सरकारतर्फको बजेटको अवस्था पनि त्यस्तै छ । म्याग्दीका लागि प्रदेश सरकारतर्फको चालु बजेट ४७ करोड सात लाख ४२ हजार रहेकामा हालसम्म १६ करोड ५२ लाख १३ हजार ५७५ खर्च भएको छ ।

त्यस्तै पुँजीगततर्फ ८२ करोड ८५ हजार बजेट रहेकामा हालसम्म २० करोड २८ लाख २१ हजार ६५ रुपैयाँ खर्च भएको छ । प्रदेशतर्फ हालसम्म चालु र पुँजीगत गरी कूल ३६ करोड ८० लाख ३४ हजार ६४० रुपैयाँ बजेट खर्च भएको छ । समग्रमा प्रदेशतर्फको बजेट खर्च २८ प्रतिशत हाराहारी मात्रै खर्च भएको छ । विगतका वर्षहरूमा पनि ६० प्रतिशतको हाराहारीमा विकास बजेट खर्चहुने गर्दथ्यो ।

विकास वजेट खर्च हुन नसक्नु र योजनाहरू अधुरै रहनुको कारणका बारेमा भने मतदाताहरू राजनीतिक दलका नेताहरूको भनाइ सुन्न चाहन्छन् । "म्याग्दीमा यसपटकको निर्वाचनमा मुद्दामा आधारित बहस बढेको छ । यसपटक युवा सामाजिक सञ्जालमार्फत विगतका कामको तथ्य खोज्न थालेका छन्, यो राम्रो अभ्यास हो", राजनीतिक विश्लेषक तथा युवा बुद्धिजीवी यादव रिजालले बताउनुभयो ।

विगतमा विकास अधुरा योजनाहरूको विषयमा यहाँका राजनीतिक दलका नेताहरूको भने शब्द अलग भए पनि आशय भने एउटै रहने गरेको छ । दलका नेताहरूको भनाइको निचोड भने विकास एकै कार्यकालमा सम्भव हुँदैन । हामीले प्रक्रिया अघि बढाएका छौँ, अब परिणाम देखिने चरणमा छ भन्ने हुने गरेको छ । दलहरूको यो भनाइलाई यहाँका राजनीतिक विश्लेषक र बुद्धिजीवीहरूले 'राजनीतिक पुनर्चक्रण' को आरोप लगाउँछन् । चुनावी चहलपहल बढ्दै जाँदा म्याग्दीमा प्रश्न पनि बढेका छन् । उम्मेदवारहरूले नयाँ सपना देखाइरहेका छन् तर मतदाताले पुराना हिसाब माग्न थालेका छन् । यसपटकको चुनाव केबल प्रचारको प्रतिस्पर्धा मात्र होइन, विश्वसनीयताको परीक्षा पनि बन्ने सङ्केत देखिएको माउण्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालयका प्राचार्य राजु केसी बताउनुहुन्छ ।

**चुनाव प्रचारमा देखियो उल्टो दृश्य**

निर्वाचन आयोगले दल तथा उम्मेदवारहरूलाई चुनाव प्रचारप्रसारका लागि दिएको समयको अन्त्य अन्त्यसम्म आइपुग्दा म्याग्दीमा केही अनौठा र केही उल्टा दृश्यहरू देखिएका छन् । ती दृश्यहरू केही रोचक छन् भने केही अत्यन्त सह्रानीय पनि छन् । निर्वाचनका बेला दल र उम्मेदवारहरूले मतदाताहरूलाई प्रभावित गर्न पैसा बाँड्ने, प्रलोभन देखाउने र आश्वासन दिने गर्दछन् भन्ने आरोप लाग्ने गर्दथ्यो तर यसपटक भने उल्टो दृश्य म्याग्दीमा देखिएको छ । यहाँ उम्मेदवारले मतदाताहरूलाई होइन मतदाताले उम्मेदवारलाई चुनाव खर्च भनेर आर्थिक सहयोग गरेका छन् । स्वतन्त्र उम्मेदवार महावीर पुनलाई मतदाता र शुभेच्छुकहरूले चुनाव खर्च भनेर आर्थिक सहयोग गरेका छन् । "चुनाव प्रचारका लागि गाउँ गाउँमा डुल्दा रु १५ लाख रकम जनताले दिए,विदेशबाट शुभेच्छुकहरूले कति पठाइदिएका छन्, बैंक 'स्टेटमेन्ट' हेर्न भ्याएको छैन", स्वतन्त्र उम्मेदवार पुनले भन्नुभयो । त्यसैगरी नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारी, नेकपा (एमाले)का हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापा, नेकपा माओवादीका क्षेत्रबहादुर घिमिरेलाई पनि देशविदेशमा रहेका शुभेच्छुक तथा स्थानीय मतदाताहरूले चुनाव खर्च (खाना, यातायात, प्रचारप्रसार) भनेर आर्थिक सहयोग गरेका छन् ।

# थकाली समुदायमा 'तोरनल्ह' पर्व को रौनक

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ फागुन



म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसङ्ख्यक थकाली समुदायमा तोरन ल्ह (फागुपूर्णीमा) पर्वको रौनक छाएको छ ।

नेपालका विभिन्न क्षेत्रमा ११ हजार जनाको सङ्ख्यामा बसोबास गर्ने थकाली समुदायले हरेक वर्ष फागुपूर्णीमाको अवसरमा परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् । फागुपूर्णीमाको अघिल्लो दिन सुरु हुने तोरनल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका अध्यक्ष सुन्दरमान शेरचनले बताउनुभयो । ''तीन दिन सबैरे उठेर चोखो निष्ठ भएर पित्रीलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ,'' उहाँले भन्नुभयो ''आफन्तहरुलाई बोलाएर मिठामिठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ ।'' मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ । घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ । म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ । तोरन ल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकालीय आफ्नो जन्मथलो फर्किएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिगारपटार गरेका छन् । तोरन्ल्ह पर्वको अवसरमा थकाली समुदायका पुरुष परम्परागत तारो हान्ने खेल खेलेर रमाइलो गर्दछन् । महिला भने मौलिक वेषभूषामा सजिएर नाचगान गर्ने, गोटा खेल्ने र शुभकामना साटासाटा गरेर तोरन्ह मनाउँछन् । थकाली सेवा समिति बेनी क्षेत्रको आयोजनामा बेनीमा आइतबारदेखि तारो हान्ने प्रतियोगिता सुरु भएको छ । यस वर्ष चुनावको समय भएकाले निर्वाचन आचारसंहिताको पालना गरेर थकाली समुदायका सदस्य मात्र भेला भएर तोरन्लह पर्व मनाउन लागिएको थकाली सेवा समितिका शङ्करमान शेरचनले बताउनुभयो ।

# म्यागदीमा निर्वाचनको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ फागुन



यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको म्याग्दीमा तयारी अन्तिम चरणमा पुगेको छ ।

जिल्ला सदरमुकाम बेनीबाट मतपत्र, मतपेटिका, सुरक्षणसिल, स्वस्तिक छापलगायतका निर्वाचन सामग्री लिएर कर्मचारी र सुरक्षाकर्मीहरू मतदान स्थलतर्फ लागेका छन् । आज साँझसम्म म्याग्दीका ८२ वटै मतदान स्थलमा कर्मचारी र सुरक्षाकर्मी पुगिसक्ने जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले जानकारी दिनुभयो ।

निर्वाचनका लागि आबश्यक पर्ने मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट र अन्य ५१ प्रकारका सामाग्री जिल्ला निर्वाचन कार्यालयबाट मतदान अधिकृतलाई बुझाइएको छ । मतदानस्थल टाढा रहेका धबलागिरी गाउँपालिका, मालिका गाउँपालिका, रघुगङ्गा गाउँपालिका र अन्नपूर्ण गाउँपालिकाअन्तर्गतका मतदानस्थलमा खटिएका कर्मचारीहरूलाई आइतबार नै निर्वाचन सामग्री बुझाइएको थियो । मङ्गला गाउँपालिका र बेनी नगरपालिकाका मतदानस्थलहरूमा खटिएका कर्मचारीहरूलाई सोमबार निर्वाचन सामग्री बुझाइएको छ । कर्मचारीहरू सोमबार नै मतदानस्थलमा पुगेर सूचना टाँस गर्ने, मतदानस्थल वरपर राजनीतिक दल र उम्मेदवारका निर्वाचनप्रचारप्रसारका सामग्रीहरू हटाउन लगाउने, निर्वाचन आचारसहिंताको अनुगमन गर्नेलगायत निर्वाचनसम्बन्धी कामहरूको तयारी सुरु गर्ने तयारी गरिएको छ । म्याग्दीमा निर्वाचन सम्पन्न गर्न एक सय २२ मतदान अधिकृत, एक सय २२ सहाहयक मतादन अधिकृतसहित एक हजार ७४ जना निर्वाचन कर्मचारी खटिएका छन् । प्रतिनिधिसभामा एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा एक स्वतन्त्र सहित १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् । जिल्लामा कुल ४२ हजार तीन सय ३२ जना पुरुष, ४४ हजार ६४ जना महिला र एक जना अन्य मतदाता रहेका छन् । जिल्लामा मतदानका लागि ८२ वटा मतदानस्थलमा १ सय २० वटा मतदान केन्द्र कायम गरिएको छ भने कारागार र कर्मचारीहरूको समानुपातिक मतदानका लागि एक अस्थायी मतदान केन्द्र तोकिएको छ ।

प्रतिनिधीसभा सदस्य निर्वाचनमा एक वटा निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला म्याग्दीमा नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उमेद्वार डा. महाविर पुन मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् । उमेद्वारहरूले ग्रामिण क्षेत्रको घरदैलो सकेर जिल्ला सदरमुकाम बेनी लगायत बजार क्षेत्रमा केन्द्रित भएका छन् ।